# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ३ जेठ/असार, June 2011

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़ुरआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# घरेलु हिंसामा मुस्लिम महिला

**इन्द्रपुरकी अम्ना बागवान भन्छिन्, 'मुस्लिम समुदायमा महिलामाथि धेरै प्रकारका हिंसा छन्, त्यसमध्ये पनि बहुविवाहको सिकार हुनेहरूको सङ्ख्या धेरै छ।'**

✍ **दीपा आले**

बाँके इन्द्रपुर- ६ की कैसरजाहा बैहनालाई महिलाहरू आफ्नै घरमा असुरक्षित छन् जस्तो लाग्छ। आफ्नो श्रीमान्ले वर्षौंदेखि गर्दै आएको व्यवहारले उनलाई यस्तो महसुस गराएको हो। मौखिक दुर्व्यवहार र कुटपिट मात्र नभएर उनले सौतासमेत व्यहोर्नुपर्‍यो। भन्छिन्, 'श्रीमान्ले अर्को बिहे गरेपछि मलाई महिलाको जीवन के हो ? किन यसप्रकारको व्यवहार गरिन्छ ? हामीमाथि जे-जस्ता घटना भए पनि हामी किन चुपचाप छौँ ? भनेर आफैंमाथि प्रश्न गर्न मन लाग्यो, तर ती प्रश्न मभित्रै रहे, मैले आफूमाथि भएको अन्यायविरुद्ध केही गर्न सकिनँ।' हुसैनी बैहनासँग विवाहबन्धनमा बाँधिएकी उनका चार सन्तान छन्। भन्छिन्, 'सन्तानको मुख हेरेर बाँचिरहेकी छु।' उनले श्रीमान्बाट केही पनि सहयोग पाएकी छैनन्। श्रीमान्ले कुटपिट गर्दै जबर्जस्ती तलाक ( सम्बन्धविच्छेद) मागेपछि बैहनाले तलाक दिएकी हुन्। तलाक नदिउन्जेल उनले रातदिन धम्की र कुटपिट सहनुपरेको थियो। मुस्लिम समुदायमा श्रीमान्ले 'तलाक तलाक तलाक' भनेर तीनपल्ट भनेपछि श्रीमतीले सम्बन्धविच्छेद गर्नुपर्ने परम्परा छ। तर, नयाँ पुस्ताले भने क्रमशः यो परम्परालाई तोड्ने साहस गरिरहेका छन्। सम्बन्धविच्छेद गर्नुपर्ने परिस्थिति आए कानुनी प्रक्रियामार्फत जानुपर्ने धारणा उनीहरूको छ।

मुस्लिम समुदायकी गुडिया बागवान पनि घरेलु हिंसामा परेकी अर्की महिला हुन् जो इन्द्रपुर गाविस बन्जारे गाउँ वडा नं. ६ मा माइतीसँग बस्दै आएकी छिन्। उनको विवाह भारतको बाबागन्जमा २८ वर्षीय मेराज बागवानसँग भएको थियो। विवाह भएको केही वर्षमै मेराजले अर्को विवाह गरे। गुडिया भन्छिन्, 'दोस्रो विवाह गरेपछि श्रीमान्ले मलाई घरबाट निकाले।' आज गुडियाको साथमा न त श्रीमान्को साथ छ न त उनले श्रीमान्बाट पाउने सम्पत्ति नै पाएकी छिन्। उनलाई पनि कैसरजाहालाई जस्तै जबर्जस्ती तलाक मागेर घरबाट निकालिएको थियो। उनको तलाक ( सम्बन्धविच्छेद) को कारण दाइजो थियो। माइतीले दाइजो नदिएको निहुँमा लामो समयसम्म उनलाई गाली-गलौज र दुर्व्यवहार गरेपछि अन्ततः सौता हालियो। श्रीमान्ले घरबाट निकालिदिएपछि उनले मुद्दा हालिन्, मुद्दा लडेपछि क्षतिपूर्तिस्वरूप उनलाई १८ हजार भारतीय रुपैयाँ दिलाइयो। अहिले उनलाई लाग्छ आफ्नो जिन्दगीको मूल्य जम्मा १८ हजार रहेछ। मुद्दा लडेपछि त झन् त्यहाँ बस्ने अवस्था नै थिएन, गुडिया बाध्य भएर माइत आइन्। भन्छिन्, 'म कहाँ जाऊँ, मलाई कसले न्याय

दिन्छ ? कानुनको ढोका घच्घच्याउन जाऊँ भने हामी गरिबको कुरा कसले सुनिदिन्छ ?'

नेपालगन्जकी गौसिया बानु भन्छिन्, 'मुस्लिम महिला अहिले पनि स्वतन्त्र भएर आफ्नो निर्णय लिन सक्ने अवस्थामा छैनन् । घरदेखि केही कामका लागि निस्कने हो भने मुस्लिम महिलामा प्रश्नचिह्न लगाइन्छ ।' उनी भन्छिन्, 'मुस्लिम महिलाको स्वतन्त्रतामाथि अहिले पनि बन्देज लगाइएको छ ।'

अर्की मुस्लिम महिला इन्द्रपुर- ६ की नसिबुनजान पठान पनि घरेलु हिंसाबाट मुक्त छैनन् । परिवारले सानैमा बिहे गरिदिएका कारण उनलाई पनि श्रीमान्ले ठूलो भएपछि आफूखुसी तलाक मागेका थिए । बाँकेकै राँझानिवासी ३० वर्षीय भुरै शेषसँग उनको विवाह भएको थियो । पठान भन्छिन्, 'मलाई बिहे गरेपछि श्रीमान् पाँच वर्ष विदेशमा काम गरेर आए, घरमा आएको एक महिनापछि नै मसँग तलाक मागियो । मेरो एक सन्तान भए पनि जन्मनासाथ उसको मृत्यु भयो ।' श्रीमान्ले जतिबेला पनि तलाक मागेपछि उनी बाध्य भएर दुई वर्षदेखि आफ्नो माइतमा बस्दै आएकी छिन् । न्यायका लागि उनको अपिल जारी छ । श्रीमान्ले आफूलाई लिन आउलान् कि भन्ने आश अझै पनि मरेको छैन । भन्छिन्, 'ममा कुनै खराबी छैन, के थाहा मन फर्किएर कुनै दिन टुप्लुक्क लिन आइपुग्ने हुन् कि ?'

बाँकेमा मुस्लिम समुदायको बाक्लो बस्ती छ । पुस्तौं-पुस्तादेखि यस जिल्लामा मुस्लिमहरू बसोबास गर्दै आएका छन् । ०५८ सालको जनगणनाअनुसार बाँकेमा मुस्लिम समुदायको सङ्ख्या एक लाख रहे तापनि हालसम्म दुई लाखको हाराहारीमा पुगेको अनुमान गरिएको छ । मुस्लिम क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको फातिमा फाउन्डेसनका कार्यवाहक अध्यक्ष मैमुना सिद्दिकीका अनुसार बाँकेमा मुस्लिम महिलाको सङ्ख्या एक लाख २९ हजारको हाराहारीमा छ, तीमध्ये घरेलु हिंसामा पर्ने महिलाको सङ्ख्या ठूलो छ । मुस्लिम समुदायमा महिलाले जति दुःख पाए पनि सहेर बस्नुपर्ने कारणमा कमजोर आर्थिक पक्ष र परनिर्भरता नै हो । वर्षमा १५ देखि २० वटा घरेलु हिंसामा परेका महिलाका मुद्दा आउने गरेको जानकारी पनि उनले दिइन् । बाँकेका इन्द्रपुर, जयसपुर, परसपुर वासुदेवपुर, सम्सेरगन्ज गाविस र नगरपालिकाका महिलाले फातिमा फाउन्डेसनमा न्यायका लागि पहल गरिदिन आग्रह गर्ने गरेका छन् । नेपाललगायत भारतमा बिहे भएका मुस्लिम महिला घरेलु हिंसामा परेर माइती फर्कन बाध्य भएका मुद्दा बढ्नेक्रम जारी रहेको पनि सिद्दिकीले बताइन् । इन्द्रपुरकी अम्ना बागवान भन्छिन्, 'मुस्लिम समुदायमा महिलामाथि धेरै प्रकारका हिंसा छन्, त्यसमध्ये पनि बहुविवाहको सिकार हुनेहरूको सङ्ख्या धेरै छ ।' मुस्लिम महिलालाई यसप्रकारको हिंसाबाट मुक्त गर्न मुस्लिम धर्मगुरु, समुदायका अग्रज र राज्यको ध्यान जान जरुरी छ ।

*साभार : संचारिका फिचर सेवा*

*(दीपा नेपालगन्जबाट प्रकाशित हुने मध्यपश्चिमाञ्चल दैनिक सम्वद्ध पत्रकार हुन् । )*

# <u>घरेलु हिंसा</u>
# समय बदलियो, प्रवृत्ति बदलिएन

✍ दीपेन्द्र राई

**‘गर्भमा रहेको बच्चाको टाउकोमा चोट लागेको छ भने त्यो बच्चा पूर्ण रूपमा अशक्त जन्मन्छ । बच्चालाई असर परेको छैन, तर आमा यातनामा छे भने त्यसको मनोवैज्ञानिक असर बच्चामा समेत देखिन्छ ।’**

कुमारीगाल काठमाडौंमा ०६२ साउन १७ गते सोमबार श्रीमान् हेम कुँवरले ४० वर्षीया निर्मला कुँवरलाई मट्टीतेल छर्केर कोठाभित्र जिउँदै आगो लगाए । लगत्तै छोरी सुनिता कुँवरले बौद्ध प्रहरीमा खबर गरेपछि हेम समातिए । ज्यान मार्ने उद्योगमा पाँच वर्ष जेल बसेका श्रीमान् जेलमुक्त भएपछि निर्मलाको सम्पर्कमा आएनन् । श्रीमान् सम्पर्कमा नआउँदा निर्मलालाई आइदिए हुन्थ्यो जस्तो लागेको छैन ।

काठमाडौंमा डेरा गरिबसेको एकतले घरको छतबाट लड्दा २८ वर्षीया नीलम पुनमगरको दुवै खुट्टा भाँच्चियो । उपचार गराएर अस्पतालबाट फर्केकी पुनमगरलाई ‘बेडरेस्ट’मै रहेको अवस्थामा श्रीमान्ले बैसाखीले टाउकोमा पटक-पटक हिर्काए । रुकुम घर भएका उनीहरूको १२ वर्षअघि प्रेमविवाह भएको थियो ।

चन्द्रनिगाहपुर, रौतहटकी अनिता खड्काको शरीरभरि नीलडाम छन्, खड्काले दैनिकजसो श्रीमान्को पिटाइ खाँदै आएकी छिन् ।

श्रीमान्ले श्रीमती पिट्नु परम्पराका रूपमा विकास हुँदै गएको देखिन्छ । गाउँघरमा मात्रै होइन, सहर-बजारमा समेत श्रीमतीले श्रीमान्को पिटाइ खाँदै आएका छन् । कोही हाटबजार जाँदा पुरुषसँग हिँडेकोमा पिटिएका छन् भने छोरी-छोरी जन्माएको र जुवाडे श्रीमान्लाई आफूले लगाइरहेको गहना बिक्री गर्न नदिँदासमेत श्रीमतीले श्रीमान्बाट पिटिनुपरेको छ । भनेजति दाइजो नल्याएको, भनेको बेला यौनसम्बन्ध राख्न नमानेको, अप्राकृतिक यौन व्यवहार गर्न नमान्दादेखि लिएर तरकारीमा बढी वा कम नुन लगाउँदासमेत श्रीमती श्रीमान्बाट पिटिइने गर्छन् ।

नीलमले भनिन्, ‘गत माघ २३ यता ओछ्यानमै छु । पहिले दिसा-पिसाब गर्न जानसमेत कसैले बोकेर लैजानुपर्थ्यो । अहिले आफैं जाने गर्छु ।’ नीलमलाई खुट्टाको एक्स-रे गर्न गत चैतमा चिकित्सकले बोलाएका थिए । अस्पतालसम्म लैजाने मानिस नभएर आजसम्म उनले एक्स-रे गराएकी छैनन् । भनिन्, ‘श्रीमान्ले लैजान्नन् अरू कसको आस गर्ने ?’

अनिता खड्काको पीडा पनि नीलमको भन्दा कम छैन । खड्काले दैनिकजसो श्रीमान्बाट मानसिक मात्रै होइन शारीरिक यातनासमेत पाउँदै आएकी छिन् । अनिताले भनिन्, ‘श्रीमान् जाँड-रक्सी पिएर कोठा आएका बेला पिट्नलाई निहुँ नै चाहिँदैन ।’ जाँड-रक्सी पिएका बेला उनी प्रायः पिटिइने गर्छिन् । त्यही घानमा पर्छन्-

नाबालक छोरा पनि । अनिताका अनुसार श्रीमान्ले जे पायो त्यसैले आमा-छोरालाई पिट्ने गर्छन् ।

बिनानिहुँ नै अनिता श्रीमान्बाट पिटिन्छिन् भने नीलमका लागि भने निहुँहरू छन् । नीलमले भनिन्, 'श्रीमान् अन्य महिलासँग समय बिताउने गर्छन् । धेरैपटक अन्य महिलासँग सँगै रहेको अवस्थामा मैले भेटेपछि यो बानी तपाईंले सुधार्नुपर्‍यो भन्दा-भन्दा आजित भइसकें । कति अनुरोध गर्दा पनि श्रीमान् नसच्चिएपछि मलाई पनि रिस उठ्छ । रिस उठेपछि मुखमुखै लाग्छु । तर्क गर्ने ठाउँ नभेटेपछि रिस पोख्न मलाई पिट्ने गर्छन् ।'

श्रीमान्को क्रूर यातना सहन नसकेपछि नीलमले माइतीलाई भनिन् । हाम्री चेलीलाई दुःख दिने भन्दै माइतीले पनि श्रीमान्लाई महिनौं उठबस गर्न नसक्नेगरी पिटे । 'त्यति धेरै पिट्दा पनि रिस नमरेपछि माइतीले श्रीमान्को हातखुट्टा भाँच्न लागेका थिए,' नीलमले भनिन्, 'मैले त्यसो नगर्न अनुरोध गरेँ । जस्तो भए पनि आफ्नो श्रीमान् माया लागिहाल्दो रै'छ ।'

बाबुद्वारा आमा पिटिएको प्रत्यक्ष देख्दा छोराछोरीमा कस्तो असर पर्ला ? छोराछोरीले सबैभन्दा बढी विश्वास आमासँग गर्छन् । आफूले विश्वास गरेकी आमा नै बाबुको पिटाइ खाइरहेको देखेपछि छोराछोरीमा मानसिक असर पर्छ भन्दै मनोवैज्ञानिक डा. गंगा पाठक भन्छिन्, 'आमा पिटिएको देखेपछि छोराछोरीले असुरक्षित महसुस गर्छन् । आमालाई बुबाले पिटेको देखेका नाबालक छोराले कालान्तरमा बाबुकै प्रवृत्ति आत्मसात् गर्दै अरूलाई यातना दिएर ऊ रमाउन थाल्छ ।'

श्रीमतीबाट श्रीमान् पिटिए भनेर विरलै सुन्न पाइन्छ । प्रायः श्रीमान्बाट श्रीमती नै पिटिइने गर्छन् । गर्भवती अवस्थामा समेत पिटिइने श्रीमतीको पीडा कारुणिक हुन्छ । समानता नामक संस्थाले केही समयअघि गरेको अध्ययनअनुसार, अस्पताल आएका गर्भवती महिलामध्ये ६० प्रतिशतको मांसपेशीमा नीलडाम, ५० प्रतिशतमा चिथोरिएको वा मुक्का हानिएको, ५० प्रतिशतको आँखा सुन्निएको, ३० प्रतिशतको टाउकामा गम्भीर चोट लागेको, १० प्रतिशतको ओठ काटिएको र दाँत भाँचिएको भेटिएको छ ।

उल्लिखित तथ्याङ्कअनुसार गर्भवती श्रीमती श्रीमान्बाटै सुरक्षित छैनन् । गर्भवती हुँदा पिटिएकी आमाबाट जन्मने बच्चाको अवस्था कस्तो होला ? डा. पाठक भन्छिन्, 'गर्भमा रहेको बच्चाको टाउकोमा चोट लागेको छ भने त्यो बच्चा पूर्ण रूपमा अशक्त जन्मन्छ । बच्चालाई असर परेको छैन, तर आमा यातनामा छे भने त्यसको मनोवैज्ञानिक असर बच्चामा समेत देखिन्छ ।'

गर्भवती अवस्थामा पिटिँदा आमामा स्वाभाविक रूपमा नकारात्मक सोचाइ बढ्दै जान्छ । आमा जति धेरै डर-त्रासमा बाँच्छिन् त्यति नै मात्रामा उसको प्रो ल्याक्टिन हार्मोन निष्क्रिय हुँदै जान्छ । डा. पाठकका अनुसार उनी दुःख, पीडामा हुँदा, गाली गरिरहने, निराश पारिरहने गर्दा पनि प्रो ल्याक्टिन हार्मोन निष्क्रिय हुन्छ । प्रो ल्याक्टिन हार्मोन निष्क्रिय भएपछि आमाको दूध उत्पादनमा कमी आउँछ ।

श्रीमान्बाट श्रीमती थला पर्नेगरी पिटिए पनि हाम्रो समाजमा लोग्ने-स्वास्नीको झगडालाई परालको आगोसँग तुलना गर्ने गरिन्छ । अपवादबाहेक प्रायः श्रीमती घरभित्रको झगडा लुकाएर राख्ने गर्छन् । श्रीमान्बाट श्रीमती पिटिइनुका मुख्य कारण पितृसत्तात्मक संरचना नै हो । सभासद् उषाकला राई भन्छिन्, 'श्रीमान्को घरमा तिनकै अधीनमा बस्नुपरेकाले महिलाले यो मेरो घर, यो मेरो सम्पत्ति भन्न

पाउँदैनन् । आत्मनिर्भर महिला कमै छन् । अर्धाङ्गिनीका नाममा धेरै श्रीमती असल घरेलु कामदार बनिरहेका छन् ।'

यति धेरै चोट सहेर पनि पीडित श्रीमतीहरू श्रीमान्विरुद्ध बोलिहाल्दैनन् । पारिवारिक प्रतिष्ठामा आँच नपुगोस् भन्ने उनीहरू सोच्छन् । कतिपयचाहिँ चाहेर पनि श्रीमान्बाट अलग हुन सक्दैनन् । 'यसरी घरबार चल्दैन, त्यसैले हामी अलग हौं भन्दा पनि श्रीमान् मान्दैनन्,' नीलमले भनिन्, 'यदि तैँले त्यस्तो निर्णय गरिस् भने निर्णय गरेको एक घन्टाभित्र तँलाई दुई टुक्रा बनाइदिन्छु भन्दै श्रीमान्ले धम्की दिन्छन् ।' अलग भएर बसौँ न त भन्दा श्रीमान्बाट यस्तो धम्की पाएपछि नीलम जीवनदेखि विरक्तिएकी छिन् ।

घरेलु हिंसा न्यूनीकरणका लागि गत वर्ष कुल बजेटको १७ प्रतिशत विनियोजन गरिएको थियो । सालिन्दा बजेट बढाउँदै लगिएको देखिन्छ । घरेलु हिंसापीडितले छिटोछरितो, सरल र सहज रूपमा न्याय पाऊन् भनेर 'फास्ट ट्र्याक कोर्ट' गठनसमेत भइसकेको छ । सर्वोच्च अदालतका सहायक प्रवक्ता हेमन्त रावलले भने, 'पीडितले बिनाझन्झट न्याय पाऊन् भनेर यो कोर्ट गठन गरिएको हो । गठित कोर्टले चाँडै काम थाल्नेछ ।'

सन् १९९७ देखि नेपालमा पनि महिला हिंसाविरुद्ध दिवस मनाउन थालिएको छ, तर पनि पीडकविरुद्ध पीडित महिलाले ढुक्कले सम्बन्धित निकायमा उजुरी गर्न सक्ने अवस्था छैन । राष्ट्रिय महिला आयोगमा घरेलु हिंसाविरुद्ध उजुरी परे राष्ट्रिय महिला आयोग ऐन-०६३ र राष्ट्रिय महिला आयोग नियमावली-०६५ अनुसार कारबाही हुन्छ भनेर घरेलु हिंसा (कसुर र सजाय) ऐन ०६६ मा उल्लेख छ । हिंसामा संलग्नलाई तीनदेखि २५ हजार रुपैयाँ जरिवाना र ६ महिना कैद वा दुवै सजाय हुने ऐनमा उल्लेख छ ।

०६७ साउन १ देखि पुस ३० गतेसम्म महिला आयोगमा घरेलु हिंसासम्बन्धी १०७ वटा उजुरी परेका छन् । जसमा कुटपिटसम्बन्धी तीनवटा मुद्दा छन् । राष्ट्रिय महिला आयोगकी अध्यक्ष नैनकला थापाले भनिन्, 'आयोगमा उजुरी दर्ता भए पनि त्यसको छिनोफानो गर्ने अधिकार हामीलाई हुँदैन । सकेसम्म दुवै पक्षलाई भेला गराएर मिलापत्र गराउने प्रयास गर्छौं । त्यसो गर्न सकिएन भने कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिन्छ ।'

नीलम, अनिता र निर्मलाका श्रीमान्ले जाँड-रक्सी पिउँछन् । श्रीमान्ले जाँड-रक्सी पिएपछि उनीहरू पिटिइने गर्छन् । तीनैजनाका श्रीमान् श्रीमतीको कमाइमा आश्रित छन् । कमलामाई नगरपालिका-५ सिन्धुलीका निर्मलाका श्रीमान् ६ वर्षयता उनीसँग सम्पर्कमा छैनन् । नीलमको किराना पसल छ । अनिता माला उन्ने काम गर्छिन् भने निर्मला कहिले गिटी कुट्छिन् कहिले बालुवा बोकेर जीविका चलाउँछिन् ।

०६२ सालमा राष्ट्रिय योजना आयोगले नेपालका ३७ जिल्लाका गाउँघर र सहर-बजारका एक सय ४४ बस्तीमा गरेको अध्ययनअनुसार, गाउँघरमा ४८, सहर-बजारमा २६, सुदूरपश्चिमाञ्चलमा ७०, मध्यपश्चिमाञ्चलमा ७५, पश्चिमाञ्चलमा ३८, मध्यमाञ्चलमा ३७, पूर्वाञ्चलमा ४८ र हिमाली क्षेत्रमा ३९, पहाडी ४० र तराई भेगमा ५७ प्रतिशत महिला श्रीमान्बाट पिटिइने गर्छन् ।

*साभार : संचारिका फिचर सेवा*

*(दीपेन्द्र राजधानीबाट प्रकाशित हुने नयाँ पत्रिका दैनिकसँग सम्वद्ध पत्रकार हुन् ।)*

# घरेलु हिंसा ऐन : प्रभावकारी कार्यान्वयनको आवश्यकता

**‘रगत–पसिना बगाएर दुःख गरेको गृहस्थी, आफ्नो घर छाडेर निस्कन कसलाई रहर हुन्छ र ?’ श्रीमान्‌को दिनदिनैको यातना सम्झादै बालिका भन्छिन्, ‘तर जिउ जोगाउन नै मुस्किल परेपछि कसरी बस्ने ?’**

✍ **लक्ष्मी आचार्य**

दाङ तुल्सीपुर दुधेनानिवासी सुनिता विक चैतको तेस्रो हप्ता मुखैभरि नीलडाम लिएर जिल्ला सदरमुकाम घोराही आइपुगिन् । उनको अवस्था देख्ने दिदीबहिनीले जिब्रो टोके । सुनिताले जब आफ्नो समस्या भन्न थालिन् वातावरण नै स्तब्ध भयो । सुखदुःखको साथी बनेर सँगै जीवन जिउने कसम खाएको व्यक्तिले नै उनको त्यो हालत बनाइदिएको थियो ।

जीवनका पच्चीस वसन्त मात्र पार गरेकी उनका आठ र पाँच वर्षका दुई सन्तान छन् । दैनिक ज्यालादारीमा काम गर्ने श्रीमान्‌को दिनहुँको गाली–गलौज र कुटपिटबाट आजित भएकी सुनिता ज्यान जोगाउनकै लागि घरबाट बाहिरिइन् । ‘दिनभर काम गरेको पैसा साँझ रक्सी खाएर सक्ने, घरमा आएर अनेक लाञ्छना लगाएर पिट्ने’ श्रीमान्‌को यातनाबारे नीलडाम देखाउँदै सुनिता भन्छिन्, ‘मजदुरी गरेर परिवार पाल्दै आएकी थिएँ । न बस्न दियो न काम गरेर खान नै । पिटाइ खप्न नसकेपछि बच्चाबच्चीसमेत छाडेर आएँ ।’

समस्या समाधानका लागि धेरैपटक कोसिस गरेको बताउँछिन् सुनिता । ‘अब कुटपिट गर्दिनँ भनेर पछिल्लोपटक सामुदायिक मेलमिलाप केन्द्रमा गएर कागज भएको थियो । तर, घर नपुग्दै गाली गर्ने, पिट्ने क्रम सुरु भयो,’ सुनिता भन्छिन् ।

महिलाहरूका लागि सञ्चालित सुरक्षा आवासमा आश्रय लिएकी सुनिता भन्छिन्, ‘हिंसा खप्न नसकेर माइतीमा जाने गर्थें, तर मेलमिलाप केन्द्रले माइती पनि नजाने र उसले पनि नपिट्ने कागज गरिदिएपछि माइती जाने बाटो पनि बन्द भयो, न्याय खोज्न यहाँ आएकी हुँ ।’

सुनिताको ठूलो माग पनि केही छैन । परिश्रम गरेर खान देओस्, लाञ्छना लगाएर यातना नदेओस् । कसरी सुरक्षित रहने यही चिन्ताले उनलाई सताएको छ ।

सुनिता मात्र होइन श्रीमान्‌को रातदिनको हिंसा खप्न नसकेपछि रामपुरनिवासी बालिका (नाम परिवर्तन) पनि घरबाट बाहिरिन बाध्य भइन् । ‘रगत–पसिना बगाएर दुःख गरेको गृहस्थी, आफ्नो घर छाडेर निस्कन कसलाई रहर हुन्छ र ?’ श्रीमान्‌को दिनदिनैको यातना सम्झँदै बालिका भन्छिन्, ‘तर जिउ जोगाउन नै मुस्किल परेपछि कसरी बस्ने ?’

सुनिता र बालिका त प्रतिनिधि पात्र मात्र हुन् । जिल्लामा घरेलु हिंसाका घटना दैनिकजसो सार्वजनिक हुने गरेका छन् । महिला अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरूमा आफ्ना समस्या लिएर आउने महिलाको सङ्ख्या पनि त्यत्तिकै धेरै छ । ओरेक नेपाल दाङ शाखामा गएको वैशाखमा मात्रै महिला हिंसाका २७ घटना आएको देखिएको छ । त्यस्तै जिल्लामा

महिला हिंसाविरुद्ध काम गर्ने अन्य सङ्घसंस्था तथा महिला समूहमा उजुरी लिएर आउने महिला पनि उत्तिकै छन् तर पनि घरेलु हिंसा प्रभावितहरूसम्म घरेलु हिंसाविरुद्धको कानुन पुग्न सकेको छैन ।

घरेलु हिंसा नियन्त्रण गर्न सरकारले ०६६ वैशाखमा घरेलु हिंसा कसुर तथा सजाय ऐन ल्याएको छ। तर, ऐन लागू भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि जिल्लामा कुनै पनि उजुरी नपर्नुले हिंसा प्रभावितहरू कानुनको पहुँचमा पुग्न नसकेको देखिएको छ। कतिलाई त घरेलु हिंसाविरुद्धको कानुन छ भन्ने कुराको जानकारीसम्म छैन ।

गत ०६६ वैशाख १ गतेदेखि २०६७ चैत २० गतेसम्म जिल्ला प्रहरी कार्यालय दाङमा ९७ वटा घरेलु हिंसासम्बन्धी उजुरी परेका छन्। त्यस्तै यो अवधिमा सामाजिक हिंसाका १२ घटना जिल्ला प्रहरीमा आए। तीमध्ये सबैजसो निवेदनमा मिलापत्र भएको छ भने केही प्रक्रियामा छन् तर घरेलु हिंसा कसुर तथा सजाय ऐनअन्तर्गत एउटै उजुरी अदालतसम्म पुगेको छैन। 'प्रहरी कार्यालयमा दैनिकजसो आफूमाथि हिंसा भएको भनेर महिला आउने गरेका छन्। आएका घटनामा दुवै पक्ष झिकाएर सम्झाई-बुझाई मिलापत्र गरेर पठाउने गरेका छौँ,' जिल्ला प्रहरी कार्यालय दाङका नायव उपरीक्षक लक्ष्मण गिरी भन्छन्, 'कानुनी प्रक्रिया लामो र झन्झटिलो मान्ने हुनाले पीडितहरू उजुरी गर्न मान्दैनन्। पीडितहरूको इच्छाबमोजिम छलफल गरेर सुल्झाउने गरिएको छ ।'

महिलामाथि भइरहेका हिंसामध्ये घरेलु हिंसाबाट प्रभावित महिलाको सङ्ख्या सबैभन्दा बढी रहेको विभिन्न अध्ययनले देखाएका छन्। महिला पुनर्स्थापना केन्द्र ओरेकद्वारा सन् २०१० मा प्रकाशित महिला हिंसाविरुद्ध वर्ष पुस्तक अन्वेषीका अनुसार हिंसा प्रभावित महिलामध्ये ६० प्रतिशत महिला घरेलु हिंसाबाट प्रभावित भएको देखाएको छ। सो अध्ययनमा समेटिएका देशभरका कुल एक हजार पाँच सय ९४ महिलाविरुद्ध हुने हिंसाका घटनामध्ये ६० प्रतिशत घरेलु हिंसा, २१ प्रतिशत सामाजिक हिंसा र ९.५ प्रतिशत बलात्कार रहेको देखाएको छ ।

घरेलु हिंसा नियन्त्रणका लागि कानुन भए पनि पीडितले कानुनबाट फाइदा लिन नसकेको भनाइ मानव अधिकार संरक्षण मञ्चका जिल्ला अध्यक्ष एवम् अधिवक्ता पदम वैदिकको छ। घरेलु हिंसाबाट प्रभावितहरू घरेलु हिंसाविरुद्ध अन्तर्गत नभएर सम्बन्धविच्छेद, अंशमुद्दा, मानाचामल, कुटपिटजस्ता अन्य मुद्दा दर्ता गर्ने गरेका छन्। जिल्ला अदालत दाङका सुमन पोखेलले दिएको जानकारीअनुसार २०६७ साउनदेखि २०६७ फागुनसम्म देवानी र फौज्दारी गरी महिलासम्बन्धी जम्मा एक सय ९३ मुद्दा दर्ता भएको देखिन्छ। तर, यो अवधिमा जिल्ला अदालतमा पनि घरेलु हिंसा कसुर तथा सजाय ऐनअन्तर्गत एउटै मुद्दा पर्न सकेको छैन। यसका पछाडि ऐन कार्यान्वयन गर्ने तहमा नै यसको उद्देश्यबारे जानकारी नहुनु प्रमुख कारण रहेको दाङका जिल्ला न्यायाधीश महम्मद जुनैद आजादको विश्लेषण छ ।

पीडितले सजिलै न्याय पाओस् भन्ने उद्देश्यले घरेलु हिंसाका घटनामा गाविस, नगरपालिका, महिला आयोग, नजिकैको प्रहरी चौकी र सीधै अदालतमा उजुरी दिने व्यवस्था ऐनले गरेको छ। तर, सोअनुरूप ती निकाय प्रशिक्षित नहुँदा जिल्लास्थित स्थानीय निकायमा अहिलेसम्म कुनै उजुरी परेको छैन ।

समुदाय तहदेखि प्रहरी प्रशासनसम्म हिंसापीडित महिलाका विषयमा मध्यस्थता

हुने गरेका छन्। तर, अधिकारमुखी दृष्टिकोणबाट विषयविज्ञको उपस्थितिबिना गरिएका मध्यस्थताहरू महिलाका लागि दबाब मात्र सिद्ध भएको महिला अधिकारकर्मी डा. रेणु राजभण्डारीको बुझाइ छ। 'ऐनबारे धेरैलाई जानकारी छैन,' डा. राजभण्डारी भन्छिन्, 'घरेलु हिंसाका घटनामा मध्यस्थता जरुरी हुन्छ, तर मिलाउने नाममा पीडितको मनोबल गिर्ने र पीडकलाई प्रोत्साहन मिल्ने अहिले प्रचलनमा रहेको मेलमिलापको तरिका एकदमै घातक छ। पारिवारिक शक्ति सम्बन्धलाई विश्लेषण नगरी गरिने मध्यस्थताले पीडितलाई न्याय दिन सक्दैन।'

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारलाई थोरै मात्रामा भए पनि सम्बोधन गर्दै सरकारले सो ऐन लागू गरेको छ। ऐनले कुनै व्यक्तिको घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिने शारीरिक, मानसिक, यौनजन्य या आर्थिक यातना, गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने कार्यलाई घरेलु हिंसाभित्र पर्ने व्यवस्था गरेको छ।

घरेलु हिंसा गरेको अभियोग प्रमाणित भए तीन हजारदेखि २५ हजारसम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुने व्यवस्था छ। फेरि पनि त्यही कसुर गरे पटकैपिच्छे दोब्बर सजाय हुने व्यवस्था छ। त्यस्तै सार्वजनिक जवाफदेहीको पदमा वहाल रहेको कुनै व्यक्तिले कसुर गरेमा थप दस प्रतिशत सजाय हुने कानुनले व्यवस्था गरेको छ। तर, कानुन कार्यान्वयन तहमा देखिएको उदासीनता र कानुनी ज्ञानको अभावमा ऐनले समेटेको भावनाअनुरूप पीडितले न्याय पाउन सकेका छैनन्। हिंसामुक्त भई बाँच्न पाउने नागरिकको मानवअधिकारको संरक्षणका लागि कानुनको व्यावहारिक कार्यान्वयनमा सरोकारवालाको विशेष ध्यान जानु जरुरी छ।

*साभार : संचारिका फिचर सेवा*

*(लक्ष्मी दाङबाट प्रकाशित हुने युगबोध दैनिकसँग आवद्ध छिन्। उनी महिला सञ्चारकर्मी समूह दाङकी अध्यक्ष पनि हुन्।)*

# तोडिँदै छ मौनता तराईमा

**स्थानीय विद्यालयका शिक्षक र सञ्चारमाध्यममा समेत आबद्ध सन्तोषले दाइजोका कारण विवाहको एक वर्ष बित्न नपाउँदै अर्की श्रीमती भित्र्याएपछि रेखामाथि झनै दुर्व्यवहार थपियो।**

**✍ अञ्जु न्यौपाने**

'खानामा विष हालेको शङ्का लाग्यो। खाना घरमै रहेको कुकुरलाई दिएँ, कुकुर मऱ्यो। म बाँचें,' पर्सा बिरुवागुठीकी रेखा गुप्ताले भनिन्, 'त्यसपछि त श्रीमान् र

सासू-ससुराको दुर्व्यवहार झन् असैह्य भयो । माइतीको इज्जतको डरले आफूमाथि भएको अत्याचार कसैलाई भन्न सकिनँ ।' रेखा आफ्नै श्रीमान् र सासू-ससुराबाट गरिएको मार्ने प्रयासबाट त बचिन् तर उनीमाथि शारीरिक र मानसिक यातना रोकिएन ।

बारा रामपुरटोकनीको शिक्षित परिवारमा हुर्किएकी रेखाको ०६३ सालमा कक्षा ११ मा पढ्दापढ्दै पर्सा बिरुवागुठी- १ का सन्तोष गुप्तासँग विवाह भएको थियो । विवाहको एक वर्ष खुसीमै बिते पनि त्यसपछि आफूमाथि पारिवारिक दुर्व्यवहार र यातना सुरु भएको रेखाले बताइन् । दाइजो नल्याएको भनी सन्तोष र उनको परिवारले रेखालाई मानसिक तथा शारीरिक यातना दिने गरेका हुन् । तराई क्षेत्रमा कम दाइजो ल्याएको निहुँमा महिलाले विभिन्न यातना खेप्दै आएका छन् । दाइजोकै कारण अहिलेसम्म कति महिलाले ज्यान गुमाए भन्ने कुराको कुनै तथ्याङ्क छैन ।

स्थानीय विद्यालयका शिक्षक र सञ्चारमाध्यममा समेत आबद्ध सन्तोषले दाइजोका कारण विवाहको एक वर्ष बित्न नपाउँदै अर्की श्रीमती भित्र्याएपछि रेखामाथि झनै दुर्व्यवहार थपियो । 'दाइजोकै निहुँमा आज मेरो यो अवस्था भयो । यातना सहन नसकेपछि न्यायका लागि गुहार माग्न बाध्य भएँ,' रेखाले भनिन् । दुर्व्यवहार र यातना सहन नसकेपछि रेखा पर्सामा महिला अधिकारका पक्षमा काम गर्दै आएको संस्था महिला अधिकार मञ्चको शरणमा पुगिन् । महिला अधिकार मञ्चले उनलाई न्याय दिलाउन प्रयास गर्‍यो । मञ्चले रेखालाई कानुनी न्यायको पहल गरेको थियो । कानुनी पहलपछि अंशस्वरूप तीन कठ्ठा जग्गा र मासिक पाँच हजार नगद उपलब्ध गराउने सर्तमा पति सन्तोष थुनामुक्त भए । कानुनतः सन्तोषलाई बहुविवाहमा तीन वर्षसम्म जेल सजाय हुन सक्दथ्यो । 'पतिलाई जेलमा सडाएर मात्र केही हुने देखिनँ, बरु जीवन गुजाराका लागि जग्गा र माहिनावारी खर्च लिने निधो गरेँ,' रेखाले भनिन ।

यस्तै हिंसाको सिकार भएकी छिन्, वीरगन्ज उपमहानगरपालिका वडानम्बर ९ की ललितादेवी । आफूमाथि भएको अन्यायमा लामो समयसम्मको मौनता तोड्दै उनले अदालतको ढोका ढकढक्याइन् । वीरगन्जको कानुनी सहायता समितिको सहयोगमा उनले आफ्ना पति अनिल गुप्ता र परिवारका अन्य सदस्यलाई विपक्षी बनाएर उजुरी दिइन् । तर, उनको उजुरीको अझै टुङ्गो लागेको छैन ।

'कम दाइजो ल्याएकै कारण श्रीमान्ले कुटपिट गर्दै घरबाट निकाले, अदालतको शरणमा आउनुभन्दा अरू उपाय देखिनँ,' ललिताले भनिन्, 'घरबाट निकालिएपछि चार सन्तानको पालनपोषण र शिक्षादीक्षाका लागि साह्रै समस्या भएको छ ।' बनिबुतो गरी गुजारा चलाउँदै आएकी ललिताले अदालतबाट मुद्दा किनारा नलागुन्जेल आफू र नाबालक सन्तानको पालनपोषण, शिक्षा तथा औषधोपचारका लागि खर्च माग्दा पतिलगायत परिवारका सदस्यबाट दुर्व्यवहार र कुटपिट सहनुपरेको छ ।

ललिताले यसअघि दर्ता गराएको अंशमुद्दा पनि अदालतमा विचाराधीन नै छ । पर्सामा मात्र नभई मोफसलमै हिंसापीडित महिलाका तर्फबाट दायर भएको यो अंशमुद्दा पहिलो भएको कानुनी सहायता परियोजनाका कानुन व्यवसायी प्रेमकुमार साह बताउँछन् । यस्ता मुद्दामा कसुरदार ठहरिए तीन हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना तथा ६ महिना कैद वा दुवै सजाय हुनसक्ने कानुनी व्यवस्था छ ।

रेखा र ललितादेवीमाथि भएका हिंसा दाइजोलाई लिएर तराई क्षेत्रमा भइरहेका हिंसाका प्रतिनिधि घटना मात्र हुन् । तराईमा थुप्रै रेखा र ललिता हिंसाको सिकार भएका छन् । तर, उनीहरूमाथि भएका घटना सार्वजनिक भएका छैनन् । दुर्व्यवहार भोगेकामध्ये धेरैले पारिवारिक प्रतिष्ठा, सन्तानको भविष्य र डर-धम्कीका कारण आफूमाथि भएका ज्यादतीबारे अरूलाई बताउने गरेका छैनन् । केही समययता भने बिस्तारै-बिस्तारै मौनताको संस्कृति तोडिन थालेको छ ।

०६७ साउनदेखि ०६८ जेठको पहिलो हप्ताभित्र पर्सामा मात्र दुई सय ४९ घरेलु हिंसासम्बन्धी उजुरी परेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साको महिला सेलका अनुसार यो सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा ७३ ले बढी हो । वर्ष ०६६/६७ मा प्रहरीको महिला सेलमा महिलामाथि भएका हिंसासँग सम्बन्धित एक सय ७६ वटा उजुरी परेका थिए । यो उजुरीलाई आधार मान्दा २० देखि ४० वर्ष उमेर समूहका महिला हिंसाको सिकार भएका छन् । मादक पदार्थ सेवन गरी कुटपिट गर्ने, कम दाइजो ल्याएको निहुँमा खानसमेत नदिई यातना दिने, घर निकाला गर्ने, अंश नदिने, अङ्गभङ्गलगायतका घरेलु हिंसाका घटना देखिएका छन् ।

पर्सामा महिला अधिकारको पक्षमा काम गर्दै आएको गैरसरकारी संस्था अरुणोदय युवा क्लबले हिंसाका घटना आपसी सहमतिमा मिलाउने परिपाटीका कारण पीडितले उचित न्याय नपाएको जनाएको छ । 'प्रायः हिंसाका घटना त सार्वजनिक नै हुँदैनन् । न्याय माग्दै सम्बन्धित निकायमा पुगेका घटना पनि अधिकांश सहमतिमा नै मिलाइन्छ,' अरुणोदय युवा क्लबका कार्यक्रम संयोजक ललन तिवारीले बताए । कतिपय अवस्थामा यसरी मिलाइएका घटनामा पीडितमाथि पुनः हिंसा भएको पाइएको संयोजक तिवारीको अनुभव छ ।

तराईका जिल्लामा महिला हिंसाविरोधी अभियानका क्रममा अधिकारवादीहरूले नै धम्की र दुर्व्यवहारको सामना पनि गर्नुपरेको छ । 'पीडितलाई न्याय दिलाउन खोज्दा कतिपय अवस्थामा

पीडकले धम्क्याउने, अपशब्द प्रयोग गर्नेजस्ता घटना अब सामान्यजस्तै लाग्न थालिसकेको छ,' क्लबकी कार्यक्रम संयोजक दुर्गा तिमिल्सिनाले बताइन् । पर्सामा महिलामाथि हुने हिंसाविरुद्ध झन्डै एक दर्जनको हाराहारीमा सरकारी तथा गैरसरकारी निकाय तथा सङ्घ/संस्था क्रियाशील छन् । सरकारी तथा गैरसरकारी निकाय तथा सङ्घ/संस्थाका प्रयासका बाबजुद समाजबाट महिला हिंसा अन्त्य हुन सकेको छैन ।

महिला हिंसा तथा बेचविखनविरुद्ध कार्यरत माइती नेपाल वीरगन्ज आवधिक गृहले सन् २०१० मा १८ वटा महिला हिंसाका घटना दर्ता भएको जनाएको छ । आवधिक गृह संयोजक संगिता पुरी पनि अधिकांश हिंसाका घटना आपसी सहमतिमा मिलाइने र पीडकले कानुनी कारबाहीबाट उन्मुक्ति पाउने भएकाले हिंसाका घटनामा कमी नआएको बताउँछिन् ।

महिलामाथि घरेलु हिंसा अधिक भए पनि कानुनी व्यवस्था तथा उपचारबारे जानकारीको अभावमा महिला न्यायबाट वञ्चित हुँदै आएको अनुभव छ कानुन व्यवसायी तथा अधिकारवादी कमलमोहन पोखरेलको । 'सरकार तथा मातहतका निकायबाट महिला हिंसा अन्त्यका लागि भएका प्रयास र बनाइएका कानुनको प्रभावकारी कार्यान्वयनबाट मात्र महिला हिंसा नियन्त्रण सम्भव छ,' कानुन व्यवसायी पोखरेलले बताए, 'घरेलु हिंसासम्बन्धी

ऐनको जानकारीको अभावमा कानुनको उद्देश्य पूरा हुन सकेको छैन ।' अन्तरिम संविधानको धारा २०(३) ले महिलामाथि हुने शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाविरुद्ध सजायको व्यवस्था गरेको छ । सरकारले गत वर्ष सन् २०१० लाई महिला हिंसामुक्त वर्ष घोषणा गरेको थियो । त्यसको प्रभाव भने जिल्लामा कमै रह्यो । कार्यान्वयनका लागि जिल्ला-जिल्लामा ठोस आधार नहुँदा घोषणा केवल कागजमा मात्र सीमित भएझैं भयो । महिला हिंसाविरुद्धको मुद्दा सरकारवादी हुने हुँदा महिला हिंसाका घटनामा प्रहरी, प्रशासन र सरोकारवाला निकाय सधैं सचेत हुने गरेको पर्साका प्रमुख जिल्ला अधिकारी नागेन्द्र झाले बताए ।

*साभार : संचारिका फिचर सेवा*

*( अञ्जु रेडियो वीरगन्जमा कार्यरत छिन्, उनी तराई टेलिभिजनका लागि वीरगन्जस्थित रिपोर्टर पनि हुन् ।)*

# बलात्कार : अर्को युद्ध- हतियार

**विशेषगरी 'जातीय सफाया'का नाममा चलेका युद्धहरूमा बलात्कारलाई युद्ध-हतियारका रूपमा प्रयोग गरिएको पाइन्छ । सन् १९९२ को अप्रिलमा सुरु भएको युद्धमा बोस्नियामा २० हजारभन्दा बढी मुस्लिम केटी बलात्कृत भएका छन् ।**

**✍ रमेश दनेखू**

'सेना आउँदा म मेरो परिवारसँग सुतिरहेकी थिएँ । उनीहरूले मेरो श्रीमान्को हात पछाडि बाँधिदिए र मलाई बलात्कार गर्न थाले । पछि उनीहरूले मेरो श्रीमान्लाई मारिदिए । मैले तीन साता जङ्गलमा बिताएँ । एक रात म त्यहाँबाट भाग्न त सफल भएँ तर जब म घर पुगें मैले मेरो बच्चा मृत अवस्थामा पाएँ ।'

प्रजातान्त्रिक गणतन्त्र कङ्गोस्थित पान्जी अस्पतालकी एक बिरामीको भनाइ हो यो । प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा यौन हिंसाको दर अप्रत्यासित रूपमा बढेको छ । एक तथ्याङ्कअनुसार, यहाँ दैनिक एक हजार एक सय ५० अर्थात् करिब एक मिनेटमा एउटा बलात्कार हुने गरेको छ । धेरैजनाले चेतावनी दिइसकेका छन्, 'यौनआतङ्क नियन्त्रणभन्दा बाहिर गइरहेको छ किनभने युद्धको प्रकृति राष्ट्रिय सेनासँगको भिडन्तबाट जङ्गली आन्तरिक द्वन्द्वतिर ढल्किएको छ' जसमा महिला र बालबालिकालाई मुख्य निशाना बनाइन्छ । पगालिएको रबर यौनाङ्गमा पोख्ने र अभिभावककै अगाडि बालबालिकाको बलात्कार गर्नेजस्ता यौन-अपराधहरू कङ्गोमा मात्र होइन, सुडानदेखि बर्मा र कोलम्बियासम्म या भनौं संसारभर

फैलिएको छ । बलात्कार युद्धको सैन्यनीति नै बन्न पुगेको छ ।

'हरेक दिन युद्धक्षेत्रमा महिला बलात्कृत भइरहेका छन्,' नोबेल पुरस्कार विजेता महिलाहरूले महिला समूहको सहयोगका लागि स्थापित नोबेल विमेन्स इनिसियटिभकी निर्देशक लिज बर्नस्टिनले भर्खरै क्यानडाको ओट्टाबामा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा भनेकी छिन्, 'समुदायहरूलाई आतङ्कित तुल्याउन र समाजको संरचना भत्काउन बलात्कारलाई राजनीतिक हतियारका रूपमा प्रयोग गरिन्छ ।'

९० को दशकमा रुवान्डा र पूर्वयुगोस्लाभियामा भएका आमबलात्कारका घटनाको संसारभर भर्त्सना भए पनि महिला वर्गलाई निशाना बनाउने प्रवृत्ति निरन्तर चलिरहेको छ । त्यसैले त पूर्वीकङ्गोमा तैनाथ पूर्वराष्ट्रसङ्घीय सैन्यप्रमुख मेजर जनरल प्याट्रिक क्याम्मर्ट भन्छन्, **'सशस्त्र द्वन्द्वमा सैनिक हुनुभन्दा एकजना महिला हुनु झन् जोखिमपूर्ण हुन्छ ।'**

'मेरो मुलुकमा बलात्कारलाई शान्तिसँग बाँच्न चाहने र आधारभूत मानवअधिकार चाहने जनताविरुद्ध हतियारका रूपमा प्रयोग गरिन्छ,' म्यान्मारकी प्रजातन्त्रवादी नेत्री आङ साङ सुकी भन्छिन्, 'जातीय समूहहरूलाई आतङ्कित तुल्याउन र मुलुकलाई टुक्र्याउन सशस्त्र समूहहरूले यसको प्रयोग गरिरहेका छन् ।'

केन्याली नोबेल पुरस्कार विजेता वाङगारी माथाईले पनि सन् २००७/०८ मा भएको निर्वाचनताका यौन हिंसाको विध्वंशकारी प्रभावहरू देखेकी छिन् । भन्छिन्, 'त्यतिबेला शत्रुका रूपमा हेरिने समूहविरुद्ध यौन हिंसालाई हतियारका रूपमा प्रयोग गरिएको थियो ।' केन्याली फेडेरेसन अफ विमेन लयर्सका अनुसार निर्वाचनपछिका हमलाहरूमा कम्तीमा तीन हजार महिला बलात्कृत भएका थिए ।

'विशेषगरी एचआईभी/एड्सले प्रभावित मुलुकमा यो निकै डरलाग्दो छ,' माथाई भन्छिन्, 'आज पनि हजारौँ महिला त्रस्त अवस्थामा उद्धार शिविरमा छन् । तपाईं उनीहरूका अनुहारमा पीडा देख्न सक्नुहुनेछ ।'

मानव इतिहासको सुरुवातसँगै यौन हिंसा युद्धको अभिन्न अङ्गका रूपमा रहँदै आएको छ । परिवर्तन युद्धको प्रकृतिमा भएको छ । पहिले युद्ध भनेको दुई सेनाबीचको भिडन्त हुने गर्थ्यो, सन् ७० को दशकपछि यो सर्वसाधारणतिर फर्किएको छ, आन्तरिक द्वन्द्व र गृहयुद्ध । 'निशाना सर्वसाधारण बनेका छन् र दुर्भाग्य, बलात्कारलाई युद्धको हतियारका रूपमा प्रयोग गरिएको छ,' युनिभर्सिटी अफ वेस्टर्न ओन्टारियोमा कानुन विषयकी प्राध्यापक एवम् युद्ध अपराधविज्ञ भ्यालेरी वुस्टारभेल्डले भ्यान्कोभरसन डटकमसँग भनेकी छिन् ।

यौन आतङ्कवादलाई लाइबेरिया, सियरालिओन र कङ्गोमा जस्तै गाउँलेलाई स्रोतमा धनी भूमिबाट भगाउन प्रयोग गर्न सकिन्छ या बोस्निया र कोसोभोमा जस्तै कुनै क्षेत्रको जातीय संरचना परिवर्तन गर्न आमनरसंहारका रूपमा बलात्कारलाई प्रयोग गर्न सकिन्छ ।

नर्वेको राजधानी ओस्लोस्थित इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (पीआरआईओ)का अनुसार सन् १९७१ मा बंगलादेशमा भएको स्वतन्त्रता युद्धका क्रममा मुस्लिम बंगाली महिलाविरुद्ध आम यौन-हमला गरिएको थियो ।

युद्धका बेला बोस्नियामा ५० हजार महिला बलात्कृत भए भने रुवान्डामा दुई लाख ५० हजारदेखि पाँच लाखसम्म ।

त्यसैगरी, सियरालिओनमा ६० हजारभन्दा बढी ।

विशेषगरी 'जातीय सफाया'का नाममा चलेका युद्धहरूमा बलात्कारलाई युद्ध-हतियारका रूपमा प्रयोग गरिएको पाइन्छ । सन् १९९२ को अप्रिलमा सुरु भएको युद्धमा बोस्नियामा २० हजारभन्दा बढी मुस्लिम केटी बलात्कृत भएको युनिसेफले आफ्नो वेबसाइटमा जनाएको छ । त्यसैगरी, द स्टेट अफ द वर्ल्ड चिल्ड्रेन, १९९६ को रिपोर्टअनुसार बोस्निया र हर्जगोभिना तथा क्रोएसियामा किशोरीलाई निशाना बनाएको पाइएको छ । रिपोर्टमा बलात्कारबाट गर्भवती भएका किशोरीहरू 'शत्रुका सन्तान' जन्माउन बाध्य भएको पनि उल्लेख छ ।

केही समयअघि, अन्तर्राष्ट्रिय फौजदारी अदालतका मुख्य अभियोजकले महिला विद्रोहीमाथि सामूहिक बलात्कार गर्न लिबियाली सेनालाई यौनशक्ति बढाउने लागूऔषध उपलब्ध गराएको आरोप लगाएका थिए । बेलायती अखबार डेली मेलले लिबियाली नेता कर्णेल मौमर गद्दाफीका सेनाले पनि बलात्कारलाई युद्धको हतियारका रूपमा प्रयोग गरेको जनाएको थियो । डेली मेलले एउटा घटनामा किशोरीहरूको एक समूहलाई अपहरण गरी चार दिनसम्म बलात्कार गरेको उल्लेख गरेको थियो ।

तर, कङ्गोमा जस्तो विकराल तस्बिर संसारको अन्य कुनामा छैन । केही अस्पतालहरूले वार्षिक तीन सय ५० वटा फिस्टुला केस (योनी र रेक्टमबीचको झिल्ली च्यातिनु) आउने गरेको जनाएका छन् ।

पूर्वीकङ्गोमा सन् १९९६ यता कम्तीमा दुई लाख महिला बलात्कृत भएको अनुमान राष्ट्रसङ्घले गरेको छ । तर, जानकारीमा नआएका घटना १० देखि २० गुणा बढी हुन सक्ने बताइन्छ । युनेस्कोले आफ्नो रिपोर्टमा सन् २००९ मा मात्रै दुई लाख ६० हजार बलात्कारका घटना भएको उल्लेख गरेको छ ।

हावार्ड ह्युमनिटेरियन इनिसियटिभका अनुसार सन् २००४ देखि २००८ सम्ममा गणतन्त्र कङ्गोको दक्षिण किभु प्रान्तमा सर्वसाधारण बलात्कृत हुने दरमा एक हजार सात सय ३३ प्रतिशतले बढोत्तरी भएको जनाएको छ ।

केही समयअघि अमेरिकन जर्नल अफ पब्लिक हेल्थले सार्वजनिक गरेको एक रिपोर्टअनुसार कङ्गोमा वार्षिक चार लाख बलात्कार हुने गरेको छ, जसको अर्थ एक घन्टामा ४८ जना महिलामाथि यौन दुराचार हुन्छ ।

'हामीले संसारभरका महिला र पुरुषको सोचाइमा परिवर्तनका लागि पहल गर्नुपर्ने भएको छ । पुरुषले यो सोच्नु भएन कि महिला तयारी अवस्थाका पीडित हुन् र महिलाले पनि आफूलाई असहाय पीडित सोच्नु भएन... हाम्रा महिला सशक्त हुनुपर्छ र पुरुष शिक्षित' बर्मेली नेत्री सुकीले ओट्टाबामा आयोजित सम्मेलनमा पठाएको भिडियो सन्देशमा भनेकी छन्, 'तपाईंले बन्दुक त्याग्नुहोला, सन्धिमा हस्ताक्षर गर्नुहोला र महत्वपूर्ण घोषणा गर्नुहोला । तर, वास्तविक शान्ति तबसम्म आउँदैन जबसम्म यो आफूभित्रै रहन्छ । किनभने हिंसा दिमागबाट सुरु हुन्छ ।' (एजेन्सीहरूको सहयोगमा)

*(रमेश दनेखू : रमेश राजधानी दैनिकको अन्तर्राष्ट्रिय पृष्ठमा कार्यरत पत्रकार हुन् ।)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।


**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**



**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**